# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।११।०५ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

राष्ट्रिय किताबखाना (शिक्षक), ताहाचलका हलुका सवारी चालक सुरेश प्रसाद नेपाल र उक्त किताबखानामा क्यान्टिन संचालन गर्ने सुदर्शन न्यौपानेले अवकास पश्चात पेन्सन कागजात बनाउन आएका सेवाग्राहीसँग काम छिटो गरिदिने भनी अतिरिक्त रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालबाट खटिई गएको टोलीले सेवाग्राहीबाट रु. ५२,०००।– (बाउन्न हजार रुपैयाँ) लिई सवारी चालक सुरेश नेपालको क्वाटरमा राखेको अवस्थामा उक्त रकमसहित नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानको सिलसिलामा राष्ट्रिय किताबखाना (शिक्षक) ताहाचलका शाखा अधिकृत धनेश्वर प्रसाईले सेवाग्राहीको काममा आलटाल गरी क्यान्टिन संचालक सुदर्शन न्यौपानेलाई सेवाग्राहीसँग रु. ५२,०००।— घुस/रिसवत रकम माग गर्न लगाई सुदर्शन न्यौपानेले भने अनुरुप हलुका सवारी चालक सुरेश प्रसाद नेपालले उक्त घुस रकम लिएको तथ्य पुष्टि हुन आएको हुँदा निज धनेश्वर प्रसाईले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसारको कसुर भएकोले निजलाई बिगो रु ५२,०००।- (बाउन्न हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन मागदाबी लिइएको छ ।

क्यान्टिन संचालक सुदर्शन न्यौपानेले शाखा अधिकृत धनेश्वर प्रसाईले लिन लगाएबमोजिम धनेश्वर प्रसाई र आफ्नो लागि घुस/रिसवत लिन मञ्जुर गरी सेवाग्राहीबाट सोही कार्यालयका हलुका सवारी चालक सुरेश प्रसाद नेपालमार्फत घुस रकम लिएको पुष्टि हुन आएको हुँदा निज सुदर्शन न्यौपानेले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) अनुसारको कसुर भएकोले निजलाई बिगो रु. ५२,०००।— (बाउन्न हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन मागदाबी लिइएको छ ।

साथै, हलुका सवारी चालक सुरेश प्रसाद नेपालले शाखा अधिकृत धनेश्वर प्रसाई र क्यान्टिन संचालक सुदर्शन न्यौपाने बीचको सहमति पश्चात निजहरुले माग गरेको रु. ५२,०००।—क्यान्टिन संचालक सुदर्शन न्यौपानेले भने अनुसार सेवाग्राहीसँग लिएको पुष्टि हुन आएको हुँदा निज सुरेश प्रसाद नेपालले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसारको कसुर भएकोले निजलाई बिगो रु. ५२,०००।— (बाउन्न हजार रुपैयाँ) कामय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नारायण प्रसाद रिसाल